नेपाल सरकार
शिक्षा मन्त्रालय
विद्यालय शिक्षक किताबखाना
म्यूजियम मार्ग, छाउनी काठमाडौं ।

☎ ४६७२८९९, ४२८३०२३, ४६७०७५७
फ्याक्स ४२८४९००

प.सं.
च.नं. ३४०१

मिति:-२०७३।१२।०९

विषय:- अनिवार्य अवकाश सम्वन्धमा ।

श्री जिल्ला शिक्षा कार्यालय
सवै ।

शिक्षा ऐन (आठौं संसोधन), २०७३, शिक्षा नियमावली (आठौं संसोधन), २०७१ को नियम १३१ "अनिवार्य अवकास कुनै शिक्षकको उमेर साठी वर्ष पूरा भएपछि निजलाई विद्यालयको सेवाबाट अवकाश दिइनेछ । यस नियमको प्रयोजनको लागि शिक्षकको उमेर गणना गर्दा निजले सेवा प्रवेश गर्दा पेश गरेको शिक्षण संस्थाको प्रमाणपत्रमा किटिएको जन्म दिन वा वर्षबाट हुन आएको उमेर वा नागरिकताको प्रमाणपत्रमा किटिएको जन्म दिन वा वर्षबाट हुन आएको उमेर वा निजले सेवा प्रवेश गर्दा भरेको वैयक्तिक नोकरी विवरण (सिटरोल) मा लेखिएको जन्म मिति वा वर्षबाट हुन आएको उमेर मध्ये जुन उमेरबाट निज पहिले अवकास हुन्छ सोही आधारमा गणना गरिनेछ ।" यसै आधारमा सेवाबाट अनिवार्य अवकास मिति यकीन हुन अनुरोध गरिन्छ । पेश भएको सिटरोलमा शिक्षकले लेखे वाहेक मसी समेत नमिल्ने गरी अनधिकृत रुपमा कसैले थपे/लेखे/मटेको पाइए शिक्षकले भरे/लेखेका अङ्क अक्षरलाई आधार मानी प्रक्रिया अघि बढाइने भनि मिति २०७२।१२।०९ मा निर्णय भएको छ ।

७३।१२।९

.................
(दामोदर चापागाई)
उपनिर्देशक

**वोधार्थ**
श्री शिक्षा मन्त्रालय
वि.प्र. शाखा, सिंहदरवार ।
श्री शिक्षा विभाग
सानोठिमी ।
श्री क्षेत्रिय शिक्षा निर्देशनालय
सवै ।